# कर्जन्हा नगरपालिकाको सातौं नगर सभामा पेश आर्थिक बर्ष २०७८/०७९ को निति, कार्यक्रम तथा बजेट

**यस कर्जन्हा नगरपालिकाको सातौं नगर सभाको अध्यक्षता गरिरहनु भएको यस नगरपालिका का नगरप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सम्पुर्ण सदस्यज्यूहरु, पत्रकारज्यूहरु, तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक स्वागत गर्न चाहन्छु ।**

**जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफनो प्राण आहुति गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति यस गौरवमय सातौं नगरसभाबाट भावपुर्ण श्रद्धान्जली अपर्ण गर्न चाहन्छु ।**

**आज संसार दोस्रो लहर कोभिड- १९ को विश्वव्यापी संक्रमणको कारणवाट उत्पन्न असहज परिस्थिती तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरवाट यो नगरपालिका पनि अछुत रहने सम्भावना नरहेकोले यसको असरलाई न्युनिकरण गर्दै जनजिवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती रहेको छ । यो चुनौती लाई सामना गर्न अहिलेको कठिन परिपेक्षमा परम्परागत सोच र कार्यक्रमले पक्का पनि सम्भव नहुने यर्थातलाई हृदयांगम गर्दै विगत का प्राथमिकताहरु वदलिनु पर्ने आवश्यकता महसुस गरेको छु । यस परिस्थितीमा हाम्रो बजेट तर्जुमा सामान्य अवस्थामा भन्दा फरक हुने निश्चित छ ।**

त्यसकारण कोभिड- १९ वाट सिर्जित आवस्यकतालाई मध्य नजर राखि यस वाट उत्पन्न हुने र भएका अवस्थाहरुको पहिचान गरी निती तथा कार्यक्रम पेश गर्ने कोशिस गरेको छु । आवश्यकता पहिचान गर्दा नेपालको संविधान र विधमान कानुन अनुरुप स्थानीय तहले

सम्पादन गर्नुपर्ने कार्यहरु तथा नेपाल सरकारको आ.व २०७८/०७९ को निती तथा कार्यक्रम र वजेटका प्राथमिकताहरुलाई समेत आधारको रुपमा लिएको छु । आजको परिपेक्षमा परम्परागत ढंगवाट मात्र नभई दिर्घकालिन, मध्यकालिन र अल्पकालिन योजना सहित अगाडी बढनुपर्ने वेला आईसकेको तथ्य पनि यस अवसरमा अनुरोध गर्न चाहन्छु ।

<u>योजना तर्जुमा सम्वन्धि प्रक्रिया</u>

- हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप टोल टोलमा भेलाको आयोजना स्वास्थ्य सुरक्षाको चुनौतीलाई मध्यनजर राखि गरिएको छ ।
- कोभिड- १९ संक्रमणको ब्यवकताले सिर्जना हुन सक्ने परिस्थितीलाई आकलन गरी क्वारेन्टाइन ब्यवस्थापन राहत वितरण र सचेतना मुलक कार्यक्रम सहितको विधमान अवस्थाको विश्लेषण गरी आवश्यकताको आधारमा निती, कार्यक्रम तथा वजेट तर्जुमा गरेको छु ।
- स्थानीय तहमा खटिएका स्वास्थ्य कर्मी तथा जनशक्तिहरुको सुरक्षालाई बोध गरी बजेट ल्याउने कोशिस गरेको छु ।
- वजेट विनियोजन गर्दा चालु आ.व का अधुरा योजनाहरुको सम्पन्नता तथा चालु आ.व मा विनियोजित तथा संचालन हुन नसकेका र वजेट सुनिस्चित रहेका योजनाहरुलाई जस्ताको त्यस्तै संचालन गर्ने गरी यो वजेटको निर्माण गरेको छु ।

## <u>यो निती, कार्यक्रम र वजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन् ।</u>

कञ्चन गाउँपालिका

- कोभिड- १९ को प्रभावलाई न्यूनिकरण गर्ने ।
- नागरिकमा स्थानीय सरकारको अनुभुती दिलाउने ।
- न.पा वाट प्रदान गरिने सेवा आम नागरिक सम्मको पहुँच अभिबृद्धि गर्ने ।
- समतामुलक समृद्ध नगरको निर्माण गर्ने ।
- आम नागरिकमा रोजगारीको अवस्था सृजना गरी आत्म निर्भर बनाउने ।
- कृषि जन्य उत्पादनमा नगरवासीलाई आत्म निर्भर बनाउने ।
- स्वास्थ्य अवस्थाको सुदृढिकरण, वालवालिकामा हुने कुपोषणको न्युनिकरण र खेलकुदको माध्यवाट युवाहरुमा स्वास्थ्य जिवनको अवसर प्रदान गर्ने ।
- नगरपालिकाको व्यवस्थापकिय, आर्थिक, सामाजिक, सास्कृतिक, भौतिक, भौगोलिक, राजनैतिक र प्राविधकि जस्ता आयामहरुमा सुशासन कायम गर्ने ।

**यि उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमको प्राथमिकताहरु निर्धारण गरेको छु ।**

- स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाईमा जोड ।
- वैज्ञानिक तथा रोजगार मुखि कृषि तथा पशुपालनको क्षेत्रमा सुधार ।
- सार्वजनिक जग्गाको संरक्षण र उपयोग ।
- लक्षित वर्ग तथा युवा पुस्तोका सशक्तिकरण ।
- कृषि विधुतीकरण ।
- बजार अनुगमन र नियमन
- पर्यटन पुर्वाधारको विकास र रोगजारी
- शुद्ध खानेपानी
- सिचाई पुर्वाधारको निर्माण र सामुहिक खेती

- एक वडा एक उत्पादन तथा वालीगत क्षेत्रको वर्गिकरण ।

आदरणीय महानुभावहरु,

अव म आ.व. २०७८/०७९ मा नगरपालिकाले अवलम्वन गर्ने निती तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## सामाजिक विकास तर्फ

- कोभिड- १९ को प्रभाव न्युनिकरण गर्न क्रमश १ वडा एक स्वास्थ्य चौकीको निर्माण गर्ने निती लिइने छ ।
- नगरपालिकामा कम्तिमा १५ वेडको अस्पताल निर्माणको लागि पहल गरिने छ ।
- वाल मृत्युदर घटाउन र मागृस्वास्थ्यको अवस्था सुदृद्ध गर्न यस आ.व वडा नं.४ भुल्के मा एउटा Birthing center को स्थापना गरी संचालन गर्ने र क्रमश यसको संख्या प्रत्येक वडामा थप्दै लाने निती लिइने छ ।
- कोभिड- १९ जस्तो सरुवा रोगको संक्रमण स्वास्थ्य कर्मिहरुमा फैलिने वाट रोक्न स्वास्थ्य कर्मीहरु लाई चाहिने सम्पुर्ण सुरक्षा साधनहरु उपलब्ध गराइने छ ।
- हाल विधालयमा रहेको क्वारेन्टाइनको विकल्पमा Multi- Purpose Building को निर्माण गरिने छ ।
- खोप, सुरक्षित मातृत्व, प्रजन्न स्वास्थ्य पोषण जस्ता जनस्वास्थ्य सँग सम्वन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाइने छ ।
- सामाजिक दुरी कायम गरी विधालय संचालन गर्न स्वास्थ्य सम्वन्धि मापदण्ड पालना गरी पठन पाठन लाई नियमित गर्न खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध मिलाईने छ ।

- विधालयहरुको नियमित अनुगमन गरी देखिएका कमी कमजोरीहरु लाई अविलम्व सुधार गर्दे जाने र विधालयमा पोशाक अनिवार्य गर्ने निती लिइने छ ।
- विपन्न वालवालिकाहरुको शिक्षामा पहुँच बढाउन नियमानुसार पोशाक, पाठ्य सामाग्री, छात्रवृति उपलब्ध गराउने निती लिइने छ ।
- अपा□हरुलाई विकास निर्माणका कार्यमा सहभागी गराउने निती लिइने छ ।
- महिला तथा वालवालिका लक्षित कार्यक्रम संचालन गर्ने ।
- खेलकुद मार्फत युवाहरुको आत्मविश्वास बढाउन तथा युवाहरुको खेलकुदमा प्रतिभा पहिचान गर्ने “मेयर कप” तथा “उप- मेयर कप” खेलकुद संचालन गरिने छ ।

## भौतिक पूर्वाधार तर्फ

- विकासको मेरुदण्ड सडक सन्जाल भएको र शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भुमिका हुने भएको कुरालाई आत्मासात गर्दै पक्की सडक निर्माणका लागि विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मासात गर्दै वडागत तथा नगरस्तरीय योजना संचालन गरिनेछ ।
- नेपाल सरकारको वस्ति विकास तथा भवन निर्माण आधारभूत मापदण्डको प्रभावकारी कार्यान्वयन गरी सुन्दर हराभरा र व्यवस्थित नगरको विकास गरिनेछ ।
- सार्वजनिक, ऐलानी, पर्ती, पोखरी जग्गाको पहिचान, लगत संकलन तथा संरक्षण गरी अधिकतम प्रयोग गरिनेछ ।
- नगर क्षेत्रका सार्वजनिक सडकहरु वाह्रै महिना सुचारु राखिनेछ र सडक मर्मत संभारको लागि मर्मत संभार कोष स्थापना गरिनेछ ।

- वडा कार्यालयहरुको भवन निर्माणका लागि प्रदेश/संघीय सरकार संग विशेष पहल गरिनेछ ।
- नगर क्षेत्र भित्र व्यवस्थित तरकारी, फलफुल, माछा, मासुको व्यवस्थित गुदरी वजारको संभाव्यता अध्ययन र जग्गा पहिचान गरी व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका सम्पूर्ण वडामा सडक वत्ती व्यवस्थापन तथा मर्मत सुधारका लागि कार्यहरु अगाडी वढाइनेछ र क्रमशः सडक वत्तीलाई सौर्य उर्जामा परिणत गर्दै लाने नीति लिइनेछ ।
- नगरपालिकाको मुख्य वजार क्षेत्र तथा आसपासका क्षेत्रमा वर्षा सिजनमा पानी जम्ने तथा वाढीवाट जोखीम रहेको हुँदा निर्माण सम्पन्न नालाहरुको निकास समेत नरहेको कारण पानी, ढल तथा नाला निकासको विस्तृत गुरुयोजना (Master Plan) वनाई सोही अनुरुप नाला तथा ढल निकास कार्य गरिनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिला/वालमैत्री तथा अपा□ मैत्री पूर्वाधार निर्माणको नीति लिइनेछ ।
- सम्पूर्ण नगरको गुरुयोजना (Master Plan) निर्माण गरी सोही अनुरुप विकास निर्माणको कार्य अघि बढाउने नीति लिइनेछ ।
- कृषि सडक निर्माणमा विशेष नीति वनाई पूर्वाधार विकास गरिनेछ ।
- समग्र कर्जन्हा नगरपालिका क्षेत्र विकास निर्माणका लागि एकल कर्जन्हा नगरपालिकावाट मात्र विकास संभव नभएको हुँदा समृद्ध मधेश कार्यक्रम अन्तर्गत दिर्घकालीन योजनाहरु छनौट गरी संघीय/प्रदेश सरकार सँग पहल गर्ने नीति लिइएको छ ।
- यस नगरपालिकाको समग्र विकासको लागि वृहत शहरी विकास योजना (आवधिक योजना) तर्जुमा गरी कार्यान्वय गरिनेछ ।
- चालु आ.व मा संचालित तर सम्पन्न नभएका योजनाहरुलाई निरन्तरता दिइने छ ।

- चालु आ.व मा संचालन हुन नसकेका योजनाहरु यस आ.व.मा संचालन गरिने छ ।

## आर्थिक विकास तर्फ

- यस नगरपालिका क्षेत्रको मुख्य पेशा कृषि भएको हुँदा कृषि क्षेत्रको विकासका लागि कृषि सडक, सिंचाइ सुविधा विस्तार, व्यवसायिक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।
- कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकिकरण गर्दै कृषि पेशालाई मर्यादित, सम्भावित र आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एंव प्रतिस्पर्धात्मक लाभको संभावना र भौगोलिक पर्यावरणीय तथा माटोको परिक्षण गरी विभिन्न खाद्य वस्तुहरु र तरकारी लगायत अन्य क्षेत्रको पहिचान गरी पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी मार्फत खेती, साना सिंचाई मल, विउ ढुवानी विशेष कार्यक्रम लागु गरिनेछ ।
- कृषक पाठशाला संचालन र पशु तथा कृषि सम्बन्धी अन्य कार्यक्रमहरु लागु गरिनेछ ।
- कृषि तथा पशु सम्बन्धी अन्य कार्यक्रमहरु लागु गरिनेछ ।
- सहकारी अभिमुखीकरण लगायतका सहकारी सम्बन्धी अन्य कार्य गर्ने नीति लिइएको छ ।
- कृषि सहकारीलाई विशेष ग्राहयता दिई दर्ता, नविकरण गरी सहकारी मार्फत कृषि क्षेत्रको वृहत्तर विकास गर्ने नीति लिइएको छ ।
- नगरपालिकाको आन्तरिक श्रोत वढाउन र त्यसको अधिकतम उपयोग विकासमा गर्न रणनीतिक कार्ययोजना वनाई लागु गरिनेछ ।

- कृषि सिंचाईको विकासको लागि साना सिंचाई कार्यक्रम लागु गरिनेछ ।
- अगानिक तरकारी खेतीको लागि माटो परक्षण गरी समुह वनाई सहकारी मार्फत विशेष कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- गाई वस्तु तथा पशुमा लाग्ने माहामारी रोग र यस वाट हुन सक्ने क्षतीका लागि आवश्यक औषधी तथा भ्याक्सीनहरुको उचित प्रवन्ध गर्ने नीति लिइएको छ ।
- नगर क्षेत्र भित्रका निर्माण भइ सकेका भौतिक संरचनाहरुको लगत तथा नया निर्माण हुने भौतिक संरचनाहरु लाई अनिवार्य नक्सा पासको दायरा भित्र ल्याउने र दायरा भित्र नआउनेहरु प्रति कठोर नीतिलिईनेछ ।
- कोभिड- १९ को कारण लकडाउनका कारण मारमा परेका किसानहरुलाई कानुन वनाई राहत वितरण गर्ने निती लिइने छ ।

<u>वातावरण तथा विपद व्यवस्थापन</u>

- : वच्छ वातावरणमा बाँच्न पाउने हकनागरिकको मौलिक हकको रुपमा नेपालको संविधानले स्थापित गरेको छ । यसलाई व्यवहारमा कार्यान्वयन गर्न फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरण पर्यावरण संरक्षण, जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सडक किनारा, ऐलानी, पर्ती तथा अन्य सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरी पर्यावरण सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- विपद व्यवस्थापन सम्बन्धी आवश्यक ऐन यसै वर्ष पारित गरी आवश्यक नियमावली मापदण्ड, निर्देशिकाहरु वनाई विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने नीति लिइएको छ ।
- नगरपालिका स्वंम वा सरोकारवाला वा संघ संस्था निजी तथा सरकारी वा गैह्र सरकारी संस्थाहरु सँग समन्व्य साझेदारी गरी नगर भित्रको फोहोर मैलाको उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।

- विपत व्यवस्थापन कोषको संचालन तथा कार्यान्वयन गरिनेछ ।
- यस न.पा.मा पर्न सक्ने विपदहरुको पहिचान गरि पूर्वानुमान र पूर्वसूचनामा आधारीत रहदै विपद सम्बन्धी आवश्यक ऐन, कानून, नियमावली, निर्देशिका मापदण्ड लगायत आवश्यक नीतिगत निर्णय लिई यस न.पा.को विपद सम्बन्धी ठोस तथा रणनीतिक कार्ययोजना अनुरुप कार्यान्वयन गरिने नीति लिइनेछ ।
- विपद व्यवस्थापन अन्तर्गत हुन सक्ने क्षतिवाट न्यूनिकरण गर्न न.पा. क्षेत्रभित्र आफ्नै लगानी वा अन्य संघ संस्था गैह्र सरकारी संस्थाहरुसँग समन्वय र साझेदारिमा सेल्टर हाउसहरु निर्माण गर्दै जाने नीति लिइएको छ ।

## <u>मानव संसाधन/संस्थागत विकास सेवा प्रवाह र शुसाशन</u>

- नगरपालिकाको न्यायिक समितिलाई सवल वनाई नागरिक वा स्थानिय मुद्वाहरुको सम्बोधनका लागि र न्यायमा सहज र शुलभ पहुँच अभिवृद्धीका लागि न्यायिक समितिलाई प्रभावकारी वनाइनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुले प्रदान गर्ने सेवा सुविधा समेतको नागरिक वडापत्र सवै स्थानमा अनिवार्य राख्न लगाउने नीति कार्यान्वयन गरिनेछ ।
- जनशक्ती विकास संगटनात्मक संरचना सुचनामैत्री कार्य सम्पादन र सेवा प्रवाह लाई विशेष प्राथमिकतामा राखीनेछ ।
- व्यक्तिगत घटना लगायतका तथ्या□ अध्यावधिक गर्न सवै वडा सँग नेटवर्कि□ अनलाइन सेवा पुऱ्याउने लक्ष्य लिइएकोछ ।
- सवै वडा र नगरपालिकाको महत्वपूर्ण सूचना र तथया□ सहितका GIS Map तयार गरी शुरु गरिनेछ ।
- योगदान र क्षमता अनुरुप कर्मचारीहरुको उच्च मूल्यांकन गर्दै प्रोत्साहन र दण्डित गरिने नीति लिइनेछ ।

- कार्यालयका O&M गरी लागु गरिने छ ।

आदरणीय नगरसभा अध्यक्षज्यू, एवं सम्पूर्ण महानुभावहरुर सदस्यज्यूहरु,
अब म चालु आ.व २०७८।०७९ आय व्ययको अनुमान पेश गर्न चाहन्छु ।

<u>आय अनुमान तर्फ</u>

- विभिन्न करका दायराबाट विभिन्न शिर्षकमा प्राप्त हुने राजस्व आय तर्फ रु.१ करोड २५ लाख
- गत आ.व को अल्या रु २ करोड ५० लाख
- आ.व. २०७८/०७९ घटा बजेट २ करोड ६७ लाख ५३ हजार
- संघीय सरकार समपुरक अनुदान १ करोड १० लाख
- संघीय सरकार विशेष अनुदान १ करोड ३३ लाख
- संघीय सरकार वितिय समानिकरण रु ११ करोड ३८ लाख
- राजश्व बाँडफाँड संघीय सरकार ७ करोड ९० लाख २७ हजार
- राजश्व बाँडफाँड प्रदेश सरकार ३४ लाख ८२ हजार १ सय ७३
- संघीय सरकार सर्शत अनुदान १३ करोड ८३ लाख
- प्रदेश सरकार समानिकरण अनुदान ७६ लाख ४७ हजार
- प्रदेश सरकार समपुरक अनुदान २० लाख
- प्रदेश सरकार विशेष अनुदान ३० लाख
- प्रदेश सरकार सर्शत अनुदान ८० लाख

उल्लेखित शिर्षकहरुबाट चालु आ.व को लागि प्राप्त हुने **कुल रु.४४ करोड ३८ लाख ९ हजार १ सय ७३ रुपैँया मात्र** को आय पेश गरेको छु । :

**आदरणीय अध्यक्षज्यू , एवंम् सम्पूण महानुभावहरु,**

**अन्त्यमा,**

यस बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने नगरप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभा सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी सघं सस्थाहरु, पत्रकार लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु : विभिन्न बिषयगत समिति तथा कार्यपालिकामा छलफलबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएकोछ : नगरको चौतर्फी विकास र सम्वृद्धिमा निरन्तर सदभाव र ? सहयोग पुऱ्याउने आम नगरबासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी सस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयनमा सबैको सहयोगको अपेक्षा गरेकाछौं :

**धन्यवाद नमस्कार :**

**चालु आ.ब.२०७८/२०७९ को नीति, कार्यक्रम तथा बजेट**

| | |
|---|---|
| **प्रमाणित गर्ने :** | **प्रस्तुत कर्ता :** |
| **नगर प्रमुख :- श्री गंगा पासमान** | **नगर उप-प्रमुख :- ज्ञानकुमारी श्रेष्ठ** |
| **सहि :** | **सहि :** |
| **मिति : सम्वत् २०७८ असार १० गते विहिवार** | **मिति : सम्वत् २०७८ असार १० गते विहिवार** |